# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलाचुली, इलाम ।

प.सं.- २०८१।०८२
च.नं -
कोशी प्रदेश, नेपाल


मिति - २०८१ श्रावण २९

**लागु पदार्थ दुर्व्यसनी रोकथाम, नियन्त्रण तथा स्थानीय शान्ति सुरक्षा कायम गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

प्रस्तुत विषयमा चुलाचुली गाउँपालिकाका अध्यक्ष ज्यूको अध्यक्षतामा मिति २०८१ साल श्रावण २८ गते बसेको सर्वदलिय तथा सर्वपक्षिय बैठकको निर्णायानुसार यस चुलाचुली गाउँपालिकाक्षेत्रमा बढ्दै गईरहेको लागु पदार्थ दुर्व्यसनीको रोकथाम, नियन्त्रण तथा स्थानीय शान्ति सुरक्षा कायम गर्न देहाय अनुसारका कार्य गर्नु/गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ ।

देहाय

- चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय परिसर, वडा कार्यालयपरिसर, स्वास्थ्य संस्थापरिसर तथा सामुदायिक विद्यालय परिसर तथा यस गाउँपालिका भित्र रहेका सार्वजनिक स्थलहरुमा धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवन तथा बिक्री वितरण गर्न निषेध गरिएकोले सूर्तिजन्य पदार्थको बिक्री वितरण र नियमन गर्ने ऐन २०६८ को दफा ५ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । उक्त ऐनको उल्लघंन गरी कसैले उल्लिखित कार्य गरे/गराइएको पाइएमा प्रचलित कानुन बमोजिम हुने ।
- गाउँपालिकाक्षेत्र भित्र मोटरसाईकल तथा स्कुटर चलाउदा हेलमेट अनिवार्य लगाउने, मोटरसाईकल तथा स्कुटरमा दुईजनाभन्दी बढी व्यक्तिले यात्रा नगर्ने लगायतका सवारी अनुशासन कायम गर्ने । यदी उल्लिखित कार्यहरु भएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुने ।
- गाउँपालिका क्षेत्रमा सञ्चालित सबै किसिमका व्यवसायहरु राती १०.०० बजे पछाडी अनिवार्य रुपमा बन्द गर्ने गराउने। साथै अत्यावश्यक बाहेक सवारी साधन तथा मानिसहरु आवागमनमा नियन्त्रण गर्ने ।
- लागुपदार्थ दुर्व्यसनी बढ्दै गईरहेको सन्दर्भमा प्रहरी प्रशासनबाट प्रभावकारी रुपमा अनुगमन तथा नियमन गर्ने निर्णय भएकोले उक्त कार्यमा स्थानीय अभिभावक, स्थानीय राजनीतिक दल, स्थानीय जनप्रतिनिधिहरु तथा टोल विकास संस्थाहरुबाट आवश्यक सहयोग गर्ने ।

२०८१।४।२९

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत